**आकाशवाणी समाचार- नेपाली**

मितिः ०६ नोभेम्बर २०२५

समयः ०७.२५ – ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- बिहार विधानसभा चुनावको पहिलो चरणमा १८ जिल्लाका १२१ विधानसभा क्षेत्रहरूमा आज बिहान ७ बजे देखि मतदान सुचारू ढ़ंगमा शुरू भएको छ।  कड़ा सुरक्षा बीच मतदान जारी छ। साँझ ६ बजी समाप्त हुनेछ।
- प्रधानमंत्री नरेन्द्र मोदीले राष्ट्रिय गीत वन्दे मातरमको १५० वष्र पूरा भएको उपलक्ष्यमा  एक वर्ष सम्म आयोजित हुने स्मरण महोत्सवको भोली नयाँ दिल्लीमा उद्घाटन गर्नुहुनेछ।
- प्रधानमंत्री नरेन्द्र मोदीले हिजो विश्व कप विजेता भारतीय महिला क्रिकेट टिम सित प्रधानमंत्री कार्यालयमा भेट गर्नु भयो।
- अमेरिकाको सर्वोच्च अदालतमा राष्ट्रपति ट्रम्पले विभिन्नन देशहरूमाथि लगाएका करहरूको वैधानीकता विरूद्धको मुद्दाहरूमा सुनवाई थालिएको छ।
- नेपालमा गुरू नानक जयन्ती र कार्ती नाच हर्षाल्लासका साथ सम्पन्न भएको छ।

**बिहार मतदान**

बिहार विधानसभा चुनावको पहिलो चरणमा आज 18 जिल्लाका 121 निर्वाचन क्षेत्रहरूमा आज मतदान हुन्दैछ। यसमा पटना, वैशाली, नालन्दा, भोजपुर, मुंगेर, सारण, सिवान, बेगुसराय, गोपालगंज, मुजफ्फरपुर, दरभंगा, मधेपुरा र सहरसा विधानसभा क्षेत्र सामेल छन्। मतदान बिहान ७ बजे देखि सुरु भएको छ तथा साँझ ६ बजेसम्म जारी रहनेछ। सुरक्षा कारणहरूले गर्दा, सिम्री बख्तियारपुर, महिसी, तारापुर, मुंगेर, जमालपुर र सूर्यगढ़ा विधानसभा निर्वाचन क्षेत्रका ५६ मतदान केन्द्रहरूमा साँझ ५ बजे मतदान समाप्त हुनेछ।

स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण मतदान सुनिश्चित गर्न व्यापक सुरक्षा व्यवस्था मिलाइएको छ। मतदान प्रक्रियालाई सुव्यवस्थित गर्न अत्याधुनिक नियन्त्रण केन्द्र स्थापना गरिएको छ। सबै 45,341 मतदान केन्द्रहरूमा मतदान वेबकास्ट भइरहेको छ। राज्य पुलिससँगै सबै मतदान केन्द्रहरूमा केन्द्रीय सशस्त्र बलहरूलाई तैनाथ गरिएको छ। महिला सशक्तिकरणलाई प्रवर्द्धन गर्न, 926 पूर्ण महिला-व्यवस्थित बुथहरू र अपाङ्गता भएका व्यक्तिहरूद्वारा व्यवस्थित 107 बुथहरूको स्थापना गरिएको छ। यस उपरान्त, मतदाताहरूका लागि उन्नत सुविधाहरूसहित 320 मोडेल बुथहरूको स्थापना गरिएको छ।
पटनास्थित मुख्य निर्वाचन अधिकारी कार्यालयमा एक विशेष नियन्त्रण कक्ष स्थापना गरिएको छ। मतदाताहरूले 0612-2824001 मा कल गरेर, 0612-2215611 मा फ्याक्स गरेर वा ceo_bihar@eci.gov.in र ceobihar@gmail.com मा इमेल गरेर गुनासो दर्ता गर्न सक्छन्। मोबाइल वाहन सुविधा सहित धेरै मतदाता-केन्द्रित पहलहरू चुनावको समयमा पनि उपलब्ध हुनेछन्। सुन्नु होस ...........हाम्रो संवाददाताबाट विवरण.....

**प्रधानमन्त्री: वन्दे मातरम :**

प्रधान मन्त्री नरेन्द्र मोदीले राष्ट्रिय गीत 'वन्दे मातरम' को १५० वर्ष पूरा भएको उपलक्ष्यमा भोलि आयोजित हुने एक वर्षको स्मरणोत्सवको नयाँ दिल्लीमा उद्घाटन गर्नुहुनेछ। संस्कृति मन्त्रालयले राष्ट्रिय गानको १५० वर्ष पुगेको उपलक्ष्यमा उद्घाटन समारोह आयोजना गर्नेछ । यो कार्यक्रम भोलिदेखि अर्को वर्ष नोभेम्बर ७ सम्म वर्षभरिको राष्ट्रव्यापी स्मरणोत्सवको औपचारिक सुरुवात हुनेछ। यस स्मरणोत्सवले भारतको स्वतन्त्रता आन्दोलनलाई प्रेरित गर्ने र राष्ट्रिय गौरव र एकतालाई प्रज्वलित गर्ने

यस कालातीत रचनाको १५० वर्ष मनाउनेछ। केंद्रीय मंत्रिमंडलले गत महिनाको पहिलो दिनमा राष्ट्रिय गानको १५० औं वर्षगाँठ मनाउन राष्ट्रव्यापी समारोहलाई स्वीकृति दिएको थियो। उद्घाटन समारोहका मुख्य आकर्षणहरूमा वन्दे मातरमको १५० वर्षको इतिहासमा क्यूरेटेड प्रदर्शनी समावेश हुनेछ। एक लघु वृत्तचित्र फिल्म प्रदर्शन र एक स्मारक डाक टिकट र सिक्का पनि जारी गरिनेछ।

**प्रधानमन्त्री: अमूल इफ्को**

प्रधान मन्त्री नरेन्द्र मोदीले भारतका अग्रणी सहकारी संस्थाहरू अमूललाई वैश्विक सहकारीहरूको दर्जामा पहिलो स्थान प्राप्त गरेकामा र इफ्कोलाई दोस्रो स्थान प्राप्त गरेकोमा बधाई दिनुभएको छ। एक सामाजिक सञ्जाल पोस्टमा श्री मोदीले भन्नुभयो, भारतको सहकारी क्षेत्र जीवन्त छ र यसले धेरैको जीवनमा परिवर्तन ल्याइरहेको छ। उहाले आगामी दिनमा यस क्षेत्रलाई थप प्रोत्साहन गर्न सरकारले धेरै कदमहरू चाल्ने पनि बताउनुभयो।

**प्रधानमन्त्री - महिला टोली**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो अबेर साँझ नयाँ दिल्लीको लोक कल्याण मार्गस्थित आफ्नो निवासमा महिला विश्वकप क्रिकेटका विजेता केलाड़ीहरूलाई स्वागत गर्नुभयो। श्री मोदीले महिला क्रिकेट टोलीलाई उनीहरूको जितमा बधाई दिनुभयो र लगातार तीन हारपछि प्रतियोगितामा उनीहरूको उल्लेखनीय विजयको प्रशंसा गर्नुभयो। भेटघाटको क्रममा कप्तान हरमनप्रीत कौरले 2017 मा श्री मोदीसँगको भेटको सम्झना गरिन्, जब उनले ट्रफी बिना नै भेटेकी थिइन्। उनले ट्रफी लिएर धेरै पटक भेट्ने आशा व्यक्त गरिन्। उप-कप्तान स्मृति मन्धनाले भनिन् कि प्रधानमन्त्रीले उनलाई प्रेरित गर्नुभएको थियो र सबैका लागि प्रेरणा बन्नुभएको छ। उनले आजका केटीहरू सबै क्षेत्रमा कसरी उत्कृष्ट छन् भन्ने बारेमा पनि बोलिन् र प्रधानमन्त्रीलाई प्रोत्साहनको स्रोत भएकोमा श्रेय दिइन्।दीप्ती शर्माले प्रधानमन्त्री नरेन्द्र मोदीसँगको २०१७ को भेटको सम्झना गरिन्, जब प्रधानमन्त्रीले उनलाई कडा परिश्रम गर्न सल्लाह दिएका थिए।

**रिजिजु र राहुल**

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा केन्द्रीय मन्त्री किरेन रिजिजूले भारतीय जनता पार्टी (भाजपा) ले भोट चोरेको आरोप लगाएको कांग्रेस नेता राहुल गान्धीको बयानको आलोचना गरेका छन् । हिज नयाँ दिल्लीमा पत्रकारहरूसँग कुरा गर्दै श्री रिजिजुले आरोप लगाउनुभयो कि श्री गान्धीले निर्वाचन आयोग र ई.भि.एम.लाई दोष दिन्छन् जब परिणाम उनको पक्षमा हुँदैन। उनले मतदाता नामावलीमा भएको विसंगतिबारे कांग्रेसले निर्वाचन आयोगमा उजुरी गर्नुपर्ने बताउनुभयो । श्री रिजिजूले आरोप लगाउनुभयो कि राहुल गान्धीले अर्थहीन मुद्दाहरू उठाएका छन्। लोकसभामा विपक्षी दलका नेता राहुल गान्धीले हरियाणा विधानसभा चुनावमा ठूलो धाँधली भएको भन्दै भाजपा र निर्वाचन आयोगमाथि कडा प्रहार गरेका थिए ।

**अमेरिकी सर्वोच्च अदालत-ट्रम्प करहरू**

अमेरिकाको सर्वोच्च अदालतले राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा लगाइएको विश्वव्यापी करहरूको वैधानिकतामाथि बहस सुरु गरेको छ। वर्षौंपछिको सबैभन्दा महत्त्वपूर्ण आर्थिक मुद्दाहरू मध्ये एक, यो मुद्दाले राष्ट्रपति ट्रम्पले आफ्नो शक्ति भित्र काम गरे वा गरेनन् अथवा कर लगाउने कांग्रेसको अधिकारको उलंघन गरे त्यसको निर्धारण अदालतले गर्नेछ।
मुख्य न्यायाधीश जोन रोबर्ट्स र रूढिवादी न्यायाधीशहरू एमी कोनी ब्यारेट र नील गोर्सचले करहरू लगाउने सरकारको औचित्यमाथि शंका व्यक्त गरेका छन्। धेरै साना व्यवसायहरू र राज्यहरूको समूहले यी करहरूलाई चुनौती दिएका छन्, तिनीहरूलाई गैरकानूनी बताएका छन्।

ट्रम्पका वकिलहरूले सबै देशहरूमा पारस्परिक करहरू लगाउन संघीय कानूनको प्रयोग बारे अदालतमा प्रश्नहरू सहित कडा प्रश्नहरूको सामना गर्न् पर्यो।

**संयुक्त राज्य अमेरिका - विमान दुर्घटना**

अमेरिकामा, केन्टकीको लुइसभिल अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान भर्ने क्रममा भएको UPS कार्गो विमान दुर्घटनामा मृत्यु हुनेहरूको संख्या बढेर नौ पुगेको छ। अन्य एघार जना घाइते भएका छन्, जसमध्ये धेरैको अवस्था गम्भीर छ।

**नेपाल - गुरु नानक जयन्ती**

नेपालमा पनि गुरु नानक जयन्ती मनाइयो। यस अवसरमा हिजो ललितपुरको गुरुद्वारालाई सुन्दर ढंगले सजाइएको थियो तथा बिहान देखि नै भक्तहरूको तांत देखिएको थियो तथा शबद किर्तन र लंगर चली राखेको थियो। गुरु नानक देव जीले मानवतालाई सहिष्णुता, करुणा र प्रेमले प्रेरित गर्नुभएको थियो। कार्तिक पूर्णिमा अर्थात देव दीपावलीको शुभ अवसरमा नेपालभरीका मानिसहरूले आफ्नो घरमा हिजो बत्ती बालेर पूजा अर्चना गरे।

****** o ******